महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
लेटाङ नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः २०७८/५/४
च.नं. ६२

श्री प्रमुखज्यू,
लेटाङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं. ५५

मितिः २०७८/०५/४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
लेटाङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

कैफियत सहितको राय

हामीले लेटाङ नगरपालिका आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/०२/२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्सयौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **४२** यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु.३ करोड ६७ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ८२ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४२ लाख ४८ हजार नियमित गर्नुपर्ने रु.४० लाख ९८ हजार र पेस्की बाँकी रु.१ लाख ७९ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब-महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

लेटाङ नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ११९.२३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ५३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

प्राप्ती भुक्तानी हिसाव

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७६७७८७५००	६४३४६५८१९.४४	०	६४३४६५८१९.४४	०	०	०
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६०२५१९५००	५०९५६७४२९.४९	०	५०९५६७४२९.४९	०	०	०
११००० कर	११	११४८११०००	८४०६९५८९.६४	०	८४०६९५८९.६४	०	०	०
१३००० अनुदान		३८१००६०००	३०६२२५१३०.२७	०	३०६२२५१३०.२७	०	०	०
संघीय सरकार	१२	३२७८२९०००	२७११२९६३०.२७	०	२७११२९६३०.२७	०	०	०
प्रदेश सरकार	१२	५३१७७०००	३५०९५५००	०	३५०९५५००	०	०	०
१४००० अन्य राजस्व		१०६७०२५००	१२३४७२८११.५८	०	१२३४७२८११.५८	०	०	०
ख. अन्य प्राप्ति		१६५२६८०००	१३३८९८३८९.९५	०	१३३८९८३८९.९५	०	०	०
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		२९५५००००	२४०३६१५७	०	२४०३६१५७	०	०	०
धरौटी		०	६११९२६४.९५	०	६११९२६४.९५	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१३५७१८०००	१०३७४२९६८	०	१०३७४२९६८	०	०	०
भुक्तानी (ग+घ)		७८९७८७५००	५३७५६२२३९.०६	०	५३७५६२२३९.०६	०	०	०
ग. भुक्तानी (सञ्चित कोषबाट)		६२४५१९५००	४०७७२३५९६.६१	०	४०७७२३५९६.६१	०	०	०
२१००० पारिश्रमिक / सुविधा	१८	१४३५४४०००	१३१५३१२९३.६१	०	१३१५३१२९३.६१	०	०	०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१२०६८५५०००	८६०३६६७५	०	८६०३६६७५	०	०	०
२३००० स्थिर सम्पत्तिको उपभोग खर्च	१८	२३००००	२३००००	०	२३००००	०	०	०
२५००० सहायता (Subsi dy)	१८	२७६४७०००	२१८००१५९	०	२१८००१५९	०	०	०
२६००० अनुदान	१८	१०००००	१०००००	०	१०००००	०	०	०

२७००० सामाजिक सुरक्षा	१८	१०५१००००	८५३६४१३	०	८५३६४१३	०	०	०
२८००० अन्य खर्च	१८	६१५००००	३५८३३०९	०	३५८३३०९	०	०	०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३१५१५३०००	१५५९०५७४७	०	१५५९०५७४७	०	०	०
३३००० दायित्व		५०००००	०	०	०	०	०	०
घ. अन्य भूक्तानी		१६५२६८०००	१२९८३८६४२.५६	०	१२९८३८६४२.५६	०	०	०
कोषहरु		२९५५००००	१५६७४४५०	०	१५६७४४५०	०	०	०
धरौटी		०	१०४२१२२४.४५	०	१०४२१२२४.४५	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	१३५७१८०००	१०३७४२९६८	०	१०३७४२९६८	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(२२०००००००)	१०५९०३५८०.३८	०	१०५९०३५८०.३८	०	०	०
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			७४८३८१६०.८५	०	७४८३८१६०.८५	०	०	०
वर्षान्तको बाकी रकम (ङ + च)		(२२०००००००)	१८०७४१७४१.२३	०	१८०७४१७४१.२३	०	०	०
बैंक तथा नगद बाकी	२४		१८०७४१७४१.२३	०	१८०७४१७४१.२३	०	०	०

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		**आर्थिक वर्ष-२०७६/७७**
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजू रकम**
	असुलीको स्थितिः- *लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.४७५६००/- असुल भएको छ ।*	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेस्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई बाँडफाँट गर्नुपर्ने राजस्व बाँडफाँट नगरी रु. १६११९१९०/- मौज्दात राखेको पाईयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ७५९०४३६८.८५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ७४८३८१६०.८५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १०६६२०८/- घटी जिम्मेवारी सरेको सम्बन्धमा मस्यौदा प्रतिवेदनमा उल्लेख गरी पठाएकोमा बैंक हिसाव भिडान गरी प्रमाण पेश गरेको छ ।	
३.	**बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१.	संचित कोष	१६८९४९५६९.७३	१५२८६८८६२.३४	१६०८०७०७.३९
२.	चालु खर्च	-	१२९००५६२.३९	१२९००५६२.३९
३.	पूँजीगत खर्च खाता	-	१८५३३०६९	१८५३३०६९
४.	प्रकोप व्यवस्थापन खाता	५३११७०७	५८०५४०६	४९३६९९
५.	विविध कोष खाता	३४८६३३०.०६	३४८६३३०.०६	-
६.	धरौटी	३६३९९१८	३६३९९१७.८०	-

४. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. १२९००५६२.३९, पुजीगत खर्च खातामा रु. १८५३३०६९ र विभाज्यकोषमा रु. १६११९१९०/- समेत गरी रु. ४७५५२८२१.३९ मौज्दात रहेको पाईयो । संचित कोषमा ट्रन्सफर गर्नुपर्दछ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।	

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २१ र प्रशासनिकतर्फ २६ समेत ४७ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १५ र २४ समेत ३९ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेख्न पाइने छैन तलवी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७६।७७ मा तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु. ३०४५४७२९/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेस्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, ३ नियमावली, ११ कार्यविधि २ निर्देशिका र १ नर्म्स समेत कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री कृष्ण कुमारी पोखरेलले २०७६।३।१० गते रु. ५० करोड ८६ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

६. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ७० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु. ३० र पुजीगततर्फ विभिन्न ४० योजना रु. ७० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

७. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
कूल खर्चः	१५५९०५	८१३९	४५६२९	१०२१३७	७०४३७
खर्च प्रतिशत	४९.४६	५.२३	२९.२६	६५.५१	२२.३५

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२४५६००००	१८४१८४२४	७४.९८
सामाजिक क्षेत्र	२२४६३४५००	१७२१३८२९२	७६.६३
पूर्वाधार विकास क्षेत्र	२५०२७५०००	१२१९८९६४४	४८.७४
वातावरण तथा विपद् व्यवस्थापन	३४५६६०००	२४०६३२५	५९.०४
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	९०४८४०००	७४७७०९११	८२.६३

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

८.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १२३२४५६०७.३२ राजस्व बाँडफाँट र अनुदानबाट रु. ३६९२७१०२.१४ समेत रु. ४६०१७२७०९.४६ आम्दानी भएकोमा चालु तर्फ रु. २५१८१७८४९.६१ र पूँजिगत तर्फ रु. १५५९०५७४७ र वित्तीय व्यबस्था तर्फ समेत रु. ४०७७२३५९६.६१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३०.२२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ८७९१००० खर्च भएको छ जुन आन्तरिक आयको ७.१५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५५.५७ प्रतिशत चालु र २८.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	• **संगठन तथा कर्मचारी ब्यवस्थापन**	
९.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले ज्यालादारी कर्मचारी १४ जनाको रु. ३५३७९५४/- र विभिन्न पदमा २१ जना कर्मचारीहरु करारमा राखी रु. ६२६०६७०/- गरी जम्मा रु. ९७९८६२४/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २४३३८६०/- भुक्तानी गरेको अनियमित देखिएको रु.....	२४३३८६०/-
१०.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँटबाट कर्मचारी कल्याण कोषमा रु. १०००००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१०००००००/-
११.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्सयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २८ गरी कुल ३० विवाद दर्ता भएकोमा २० वटा मात्र फर्सयौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्सयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	• **न.पा. पूँजीगत (कृषितर्फ)**	
१२.	भौ.नं. १९/२०७७/३/३२, अलैची खेतीमा ७५ प्रतिशत अनुदानमा पाइप वितरण सम्बन्धी कार्यक्रममा रु. २००००/- रहेको र उक्त कार्यक्रम उपभोक्ताले रकम जम्मा नगरी ग्रामीण पहाडी कृषि सहकारीलाई एकै मुष्ठ पाइप बुझाएको आधारमा रु. ५००००/- भुक्तानी गरेकोमा सो कार्यक्रममा सहभागिले कूल विलमा २५ प्रतिशत व्यहोरेको प्रमाण वेगर भुक्तानी गरेको रु.	५००००/-
१३.	**आर्थिक अधिकार वेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५३ मा सार्वजनिक जवाफ देहिको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवारको सम्बन्धमा सम्बन्धित व्यक्ति जिम्मेवार हुने छ भन्ने व्यवस्था रहेको छ । वडा नं. ९ का वडाध्यक्षले सास्कृतिक पर्यटन मार्गको डिपिआर तयार तथा गणेश मन्दिर, खेल मैदान, स्वर्गद्धारी विश्रान्तीघाट को सर्वे डिजायन तथा लागत अनुमान गर्ने कार्य परामर्शदाताबाट गराउने गरी सडक तर्फ प्रति किमि रु. ५१९८०/- को दर र अन्य कामको छुट्टा छुट्टै डि.पि.आर. तयार गर्ने परामर्शदातासँग वडाध्यक्षले नै सम्झौता गरी गराएको कामको रु. ८७७९९०/- भुक्तानी गरेको पाइयो । लेटाङ नगरपालिकाको सार्वजनिक खरिद ऐन	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	२०७६ मा वडाअध्यक्षलाई आर्थिक कारोवार सम्झौता गरी परामर्श सेवा खरिद गर्ने अधिकार नरेहेकोमा आर्थिक दायित्व श्रृजना गरेको र कामको टि.ओ.आर समेत तोकिएका अधिकारीबाट स्वीकृत नगराई गरिएको कारोवार खर्च अनियमित देखिएको रु.	८७७९९०/-
१४.	**ह्यूम पाइप खरिद र खपतः** सार्वजनिक खरिद नियमावली २०६४ को निमयय ८५(१ख) मा सोझै खरिद गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै फर्मसँग रु. ५ लाख भन्दा बढीको खरिद गर्न नहुने व्यवस्था छ । वडाहरु तथा कार्यालयले योजना कार्यक्रममा छुट्याएको रकम कार्यालय अन्तर्गतका विभिन्न वडाहरुमा ह्युम पाइप तथा पोल खरिद सम्बन्धी कार्य गर्दै उक्त पाइपको विजक कार्यपालिका कार्यालयमा पठाई भुक्तानी हुने गरेको पाइयो । ह्युम पाइप खरिद गर्नु अघि काम गराउने स्थान नखुलाएको एकै फर्मबाट पटक पटक सोझै खरिद गरेको तथा खरिद पश्चात न.पा. स्टोरमा मौज्दात देखाई भुक्तानी गरेकोले उक्त पाइपहरु खपत गरीएको स्थान र कामनापजाँचको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१७८३१९६/-

वडा नं./कार्यालय	पाइपको साइज	संख्या	भुक्तानी रकम	पार्टीको नाम
९	४५० एम एम ६०० एम एम	२६ ११	५०००००	पाथिभरा कंक्रिट
२	४५० एम एम ६०० एम एम ९०० एम एम	८ ४ ४	२८४९५१	शंकर सिमेन्ट कंक्रिट
नगर का.पा	८ मी. पोल	५८ थान	४९९२४५	शंकर सिमेन्ट
नगर का.पा	ह्युम पाइप ४५० एम एम ६०० एम एम ७५० एम एम	 १६ १० ७	४९९०००	शंकर सिमेन्ट
		जम्मा	**१७८३१९६**	

१५.	**व्यक्तिगत खातामा रकम जम्माः** भौ.नं. ३११/२०७७/३/२९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्ड तोकिएको छ । कार्यालयले निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्दा जोसँग कार्य सम्झौता भएको छ । सोही संस्था वा फर्मलाई भुक्तानी गर्नुपर्नेमा वडा नं. ९ अन्तर्गत बुढ्यौली चौक भिम लिम्बु घर पछाडी सडक स्तरउन्ती सम्बन्धी कामको भुक्तानी वडा कार्यालयको सिफारिसमा वडा सचिवको खातामा रकम जम्मा गर्न निवेदन दिएको आधारमा सोही खातामा रकम निकासा गरेकोले सो रकम तोकिए बमोजिमको काम पुरा गरी सम्बन्धित पार्टी/संस्थालाई बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ रु.	७५०००/-
१६.	**कामको अवस्थाः** भौ.नं. २९५/२०७७/३/२७, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराउने काम सम्बन्धी व्यवस्था छ । कार्यालयले बुधबारे-धोवी सडकमा कालोपत्रे गर्ने कामको लागत अनुमान रु. ३७७२५५५/- स्वीकृत गरेको मध्ये रु. ९१२३७०/- कालोपत्रे गर्ने काम समावेश रहेको छ । यो वर्ष प्रथम रनिङ विल वापत रु. ८८००००/- भुक्तानी गरेको छ । विटुमिन परीक्षणको ल्याव टेष्ट रिपोर्ट समावेश नभएको र सववेसको कामको भुक्तानी गरिसकिएकोले उपभोक्ता समितिले अन्य काम गर्ने नगर्ने यकिन नगरी वर्षान्त सम्म काम पुरा नगराई सववेसको आइटम मात्रको रु. ३४७९४०.९४/- भुक्तानी गरी काम अधुरो छाडिएको व्यहोरा उल्लेख गरी मस्यौदा प्रतिवेदन पठाएकोमा छलफलमा उक्त समितिको बाँकी काम २०७७।९।१६ मा फाइनल विल तयार गरेको जानकारी दिएको छ ।	

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
१७.	**म्याद थप र भुक्तानीः** भौ.नं. २७९/२०७७/३/२४, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था छ । कार्यालयले वाल कौशिक मार्ग कालोपत्रे कार्यको लागि रु. ५३३६५५२/- लागत अनुमान स्वीकृत गरी २०७७।३।२० सम्म कार्य पुरा गर्ने गरी सम्झौता गरेको छ । उक्त कामको २०७७।३।१६ मा सभामा पेश गर्ने गरी २०७७।७।३० सम्म म्याद थप गर्ने शर्तको आधारमा प्रथम किस्ता वापत रु. १६८००५१/- भुक्तानी गरेको पाइयो । सडकमा उपभोक्ता समितिले सववेस सम्मको काम गराएको आधारमा ल्याव टेष्टको रु. १००००/- भुक्तानी गरेकोमा उक्त कामको भुक्तानी रसिद समावेश नभएको र सभाबाट अनुमोदन गराउने शर्तमा म्याद थपवेगर रकम भुक्तानी गरेकोले विल वेगरको गुणस्तर परीक्षणको रकम भुक्तानीको प्रमाण यकिन गरी सभाबाट अनुमोदन हुनुपर्ने खर्च रु.	१६८००५१/-
१८.	**कामको सम्झौता र म्यादथपः** भौ.नं. २७८/२०७७/३/२४, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था छ । कार्यालयले वडा नं. ८ मा सगरमाथा मार्ग कालोपेत्र गर्ने कार्यको ल.ई. रु. ८८७३५५२/- स्वीकृत गरी सो मध्ये रु. ७०००००००/- नगरपालिकाबाट व्यहोरिने गरी उपभोक्ता समितिसँग सम्झौता कार्य प्रारम्भ गरेकोमा सो कामको म्याद २०७७।२।६ मा थप गरी २०७७।३।२५ सम्म पुऱ्याएको सो अवधि पछि म्याद थप भएको पाइएन । उपभोक्ता समितिले उक्त अवधि सम्म काम पुरा नगरेकोमा सो कामको प्रथम रनिङ विल वापत रु. १२४५६६२/- मात्र भुक्तानी गरेकोले कामको म्याद थप वेगर अधुरो अवस्थामा राखीएको यो काम सम्बन्धमा निर्णय गरी टुंगो लगाउनुपर्दछ ।	
१९.	**पूर्व निर्धारित क्षतिपूर्ती** भौ.नं. ३२३/२०७७/३/३०, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सप्लायर्सले सम्झौतामा तोकिएको अवधिभित्र कार्य पुरा नगरेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले सार्वजनिक निकायललाई पूर्वनिर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था छ । नियम ११७ मा आपूर्ती गरिएको मालसामानको विवरण सहित कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आयुस ट्रेडर्सबाट विभिन्न साइजका ७८२ थान तयारी जाली सप्लाई गर्न २०७६।११।२ मा निर्णय गरी २०७७।२।१५ सम्मको अवधि रहेकोमा सप्लायर्सले २०७७।३।३० मा मात्र तारजाली सप्लाई गरेको छ । म्याद थप वेगर सम्झौता भन्दा ढिलो गरी जाली सप्लाई गरेकोमा खरिद सम्झौताको शर्त अनुसार ढिला दिन ४६ को लाग्ने पूर्व निर्धारित क्षतिपूर्ती वापत हुने रु. ४५६९७/- असुल गर्नुपर्ने रु.	४५६९७/-
	• **नगरपालिका चालुतर्फः**	
२०.	**सम्झौताको शर्त पालनाः** लेटाङ न.पा.को ६ वटा कानूनी खाका तयार गरी सोको सफ्टकपी सहित २०७७।१।५ सम्म बुझाउनु पर्ने शर्तमा गरिमा कानूनी सेवा रतुवामाईसँग रु. ४७०७५०/- को सम्झौता भएकोमा परामर्शदाताले ६ वटै कानून र सोको सफ्टकपी बुझाएको नदेखिएकोले बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.	४७०७५०/-
२१.	**स्वीकृती नभएको सफ्टवेयरः** सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चलान) निर्देशिका २०७१ मा सरकारी निकायमा प्रयोग हुने सफ्टवेयर सूचना प्रविधि विभागले प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चलान ऐन २०७४ को दफा ७६ मा स्थानीय तहले राजश्व सम्बन्धि कारोवार गर्दा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा श्रेस्ता कारोवार सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सफ्टटेक इम्फोसिस प्रा.लि.बाट एकीकृत कर सम्बन्धी सफ्टवेयरको लागि २२०००० र डाटा माइग्रेस र माष्टर डाटाको लागि रु. ९५०००/- तथा मर्मतको कार्य समेत कार्य गराउन रु. ३४४६५०/- मा सोझै खरिद गरिएकोमा उक्त परामर्शदाताले डाटा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	ट्रान्फर सम्बन्धी कार्य शुरु नगरेको र सुचना प्रविधि विभागको स्वीकृती वेगरको कार्यमा खर्च गरेकोले उक्त सफ्टवेयर नियममा भएको व्यवस्था बमोजिम विभागमा प्रमाणिकरण गरिएको प्रमाण पेश हुनुपर्ने रु.	३४४६५०/-
२२.	**लकडाउन अवधिको बैठक भत्ताः** भौ.नं. ७४५/२०७७/३/२९, नेपाल सरकारले २०७६।१२।११ देखि कोरोना भाइरस संक्रमण नियन्त्रण गर्न सम्पूर्य लकडाउन गरी भेला तथा बैठक समेतमा रोक लगाएको छ । कार्यालयले २०७६।१२।२७, २०७७।१।८, २०७७।१।१८, २०७७।२।१, २०७७।२।२१ समेतको अवधिमा बैठक बसी कार्य गरेको आधारमा २६ जना (पदाधिकारी तथा कर्मचारी) लाई उक्त अवधिको समेत बैठक भत्ता रु. १३००००/- भुक्तानी गरेको पाइयो । कोरोना संक्रमण रोकथाम र नियन्त्रणको लागि स्वीकृत मापदण्डको पालना नभएकोमा बैठक बस्नु पर्ने बाध्यात्मक अवस्थाको विवरणपेश नभएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्ने अन्यथा कर कट्टी पछिको भुक्तानी रकम असुल हुनुपर्ने रु.	११०५००/-
	• **समपुरकतर्फः**	
२३.	**श्रोत सुनिश्चित्ता र ठेक्का सम्झौताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट नभई खरिद कारवाही शुरु गर्नु हुदैन भन्ने व्यवस्था छ । भूवा खोलामा पक्कीपुल निर्माण कार्यको लागि यो वर्ष ठेक्कापट्टा आह्वान गरी २०७७।१(२० मे २०२१) मा निर्माण व्यवसायी एपेक्स/जोसी जेभीसँग २४ महिना भित्र कार्य गर्ने गरी रु. ५५०००२०१.३० मा सम्झौता गरेको पाइयो । यो वर्ष निर्माण व्यवसायीलाई मोविलाइजेशन वापत रु. ४९९४०००/- पेस्की र इन्सुरेन्स वापतको रनिङ विल तयार गरी भुक्तानी दिएको छ । यो वर्ष रु. १०००००००/- निकासा प्राप्त भएतापनि पेस्की मात्र दिई बाँकी रकम फिर्ता गरेकोले उक्त पुल निर्माणको श्रोत सुनिश्चित्ताको प्रमाण पेश भएन ।	
२४.	निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता शर्त अनुसार १० प्रतिशत मोविलाइजेशन पेस्की दिने र उक्त पेस्की २ किस्तामा (५/५ प्रतिशत) दिने गरी व्यवस्था भएकोमा एकै पटक १० प्रतिशत पेस्की दिएकोले सम्झौताको शर्त भन्दा बढी दिएको पेस्की फिर्ता लिनुपर्दछ ।	
२५.	भौ.नं. ३२०/२०७७/३/३०, निर्माण व्यवसायीसँग भएको सम्झौतामा बीमा वापतको आइटम पि.एस.मा राखी सम्झौता भएको छ । कार्यालयले बीमा वापतको रकम भुक्तानी वापत रु. ६२४५००/- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले पेश गरेको बीमा प्रिमियम भुक्तानी गरेको विजक निम्नानुसार रहेकोले बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ रु. **विजक** — **भुक्तानी गरेको** कामको बीमा वापतको — ४०३२४० तेश्रो पक्ष बीमा वापतको — ४९४२० **जम्मा** — **४५२६६०**	१७१८५०/-
	• **प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फः**	
२६.	**जनश्रमदान** - प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७६ (दोश्रो संशोधन) अनुसार उक्त कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत काम गराउँदा भवन र पुलमा उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत र अन्यमा भए कम्तिमा २० प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका अन्तर्गत संचालित यस कार्यक्रम तर्फका योजनाको नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार (भवन र पुल वाहेकका) घटि जनसहभागिता लिई खर्च गरेकोले नपुग जनसहभागिता वापतको रकम यकिन गरी असुल हुनुपर्दछ रु.	७४०१४३.६

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्नुपर्ने सहभागिता	उपभोक्ताले व्यहोरेको सहभागिता	घटी अनुपातिक कट्टी रकम
बुढ्यौली चौक-गणेश मन्दिर	७५६१९९३	२६६१७७६	५३२३५५.२	१६१७७६.९४	३७०५७८.३
सखुवानी बुढ्यौली चौक	६२८८०३१	२७३९२३२.७१	५४७८४६.५	२३९२३३	३०८६१३.५
कबडहल भगवति मा.वि	१०४८०५५	१०४५०३४	२०९००६.८	१४८०५५	६०९५१.८
				जम्मा	७४०१४३.६

	मस्यौदा छलफलमा बुढ्यौली चौक-गणेश मन्दिर र सखुवानी बुढ्यौली चौकको काममा उपभोक्ता समितिले नगद सहभागिता समेत लिई २०७७।७८ मा बाँकी काम गराउदा पुरै जनसहभागिता लिएको उल्लेख गरेकोमा काम सम्पन्न र जनसहभागिता पुरा लिएको प्रमाण पेश हुनुपर्दछ ।	
२६.१.	**कामको नापी र भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको नापी कितावमा प्रमाणित कार्यको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अधेरी-शिखरपुर सडक मर्मत कार्यको माटो कटिङ कार्यको लागि उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्य गराएकोमा कामको दररेट विश्लेषण मेशिनबाट माटो खन्ने जिल्ला दररेट गरेको पाइयो । माटो कटिङ मात्र काम मा मू.अ.कर समेत थप गरी उक्त कार्य सोझै उपभोक्ता समितिबाट गराएको छ । सो कामको नापजाँच गरी विल तयार गर्दा Xsectional drawing समावेश नगरी माटोको परिमण गणना देखाएको र उपभोक्ता समितिले भिमो कन्ट्रक्सनको मेशिन प्रयोग गरी कार्य गराएकोमा २९४८३ घ.मी. माटो काटेको कन्ट्रक्सनको विल पेश गरेकोमा पाइयो । उपभोक्ताले मेशिन प्रयोग गरी कटीङ गरेको परिमाण भन्दा कार्यालयले X drawing वेगर गणना गरी कटिङ परिमाण ३११४३.२० घ.मी. देखाई बढी परिमाणको भुक्तानी गरेको रु. १३३१९७.८४ असुल हुनुपर्दछ रु.	१३३१९७.८४
२६.२.	भौ.नं. ९/२०७७/३/२४, जंगल क्षेत्रमा निर्माण गरिने सडकको तोकिए बमोजिम IEE गर्नुपर्ने व्यवस्था छ । वाराडी जस्तो धुले सडक स्तरउन्नतीको कार्य मेशिनबाट माटो कटिङ गराउदै खर्च गरेकोमा IEE गरी स्वीकृत गरेको पाइएन । यो वर्ष मेशिनबाट कटीङ गर्ने कार्यको ल.ई. स्वीकृत गरेको छ । उपभोक्ता समिति मार्फत जिल्ला दररेटमा मू.अ.कर थप गरी सोही दरबाट कार्य गराई यो वर्ष ३८५२७.२९ घ.मी. को हुने रु. ३०९१९०२.९२ खर्च गरेको छ । तर सडकको IEE गराई स्वीकृत गरेको पाइएन ।	
२७.	**उपभोक्ता समितिलाई मू.अ.कर भुक्तानीः** लेटाङ नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपरोक्तानुसारका दुवै कार्यमा मेशिनबाट कटिङ काम मू.अ.कर थप गरी दर कायम गरेकोले मू.अ.कर वापत भुक्तानी दिएङ्को रु. ६४३२७७.३४ असुल हुनुपर्दछ रु.	६४३२७७.३४
२८.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण एकै पटक गरेर २०७८।१।८ मा मात्र प्रतिवेदन प्राप्त भएको छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु लेखापरीक्षणको अवधि सम्म असुल फर्सयौट र नियमित भै नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	
२८.१.	भौ.नं. ८४/२०७६/६/१३, वडा नं. १ का सचिव धनमान तामाङलाई विभिन्न कार्यक्रमको रु. १३२७४०/- भुक्तानी गरेको मध्ये कृषि तथा पशु साझेदारी कार्यक्रम तालिममा खाजा खर्च वापत रु. २४३१०/- को विल विजक वेगर भरपाईको आधारमा भुक्तानी दिएको र तालिममा	

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	छनौटको आधार पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.	२४३१०/-
२८.२.	भौ.नं. ६५/२०७६/६/१३, कार्यालयले एक्सपोर्ट कलेज एण्ड इन्टिट्युचलाई २ दिने उद्घोषण तालिमको रु. १०००००/- भुक्तानी गरेकोमा सहभागिहरुको छनौट र सिफारिसको सम्बन्धमा निर्णय नगरेको र तालिम कार्यक्रमको लागत अनुमान स्वीकृत नगरी खर्च गरेको रु.	१०००००/-
२८.३.	भौ.नं. ९६/२०७६/७/१, वडा नं. ८ का वडाध्यक्ष भिम प्रसाद पोखरेललाई विमा तथा नविकरण शिर्षकबाट रु. ३८५००/- भुक्तानी गरेकोमा उक्त रकम वडाका पदाधिकारी र कर्मचारीको स्वास्थ्य विमा वापत भुक्तानी गरेको उल्लेख भएकोमा कर्मचारी र पदाधिकारीको स्वास्थ्य सेवा बीमा शुल्क व्यहोर्ने निर्णय पेश नभएको रु.	३८५००/-
२८.४.	भौ.नं. ९८/२०७६/७/१३, वडा सचिव रमेश खनाललाई वडा खेलकुद तथा सामाग्री खरिद वापत रु. ५४२३५/- भुक्तानी गरेकोमा वितरण गर्ने निर्णय अभिलेख पेश नभएको रु.	५४२३५/-
२८.५.	भौ.नं. १२१/२०७६/८/१, सवारी चालक महेश कोइरालालाई दिएको पेस्की रु. १००००/- फर्सयौट गरी थप रु. १५७९६/- भुक्तानी गरेकोमा मर्मत आदेश समावेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्दछ ।	
२८.६.	कार्यालयले सिद्धार्थ वाल केन्द्र तथा सरस्वती वाल केन्द्रलाई कक्षा व्यवस्थापन र शैक्षिक सामाग्री खरिद वापत रु. १६२७००/- बाट खरिद गरिएका सामाग्री सम्बन्धित केन्द्रमा जिन्सी दाखिला गरेको प्रमाण समावेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.	१६२७००/-
२८.७.	भौ.नं. २४७/२०७६/१०/२, स्वास्थ्य सम्बन्धी कार्यक्रमको लागि स्वास्थ्य स्वयम सेविकाको नाममा डोर हाजिरबाट वडा सचिव विरमान तामाङ रु. १२००००/- भुक्तानी गरेकोमा उक्त रकम गाउँघर क्लिनिक संचालनको लागि खर्च गरेकोमा सो खर्चलाई कार्यालय प्रमुखबाट प्रमाणित नगरिएको र गाउँघर क्लिनिक संचालनको प्रगति समेत पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।	
२८.८.	भौ.नं. ६४३/२०७७/३/११, सवारी साधन मर्मत गराउनु अघि सोको लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बा१झ ८७५६ को इन्जिन मर्मत कार्य गराई रु. ३४३०००/- ग्लोवल अटो पोइन्टलाई भुक्तानी गरेकोमा मर्मतको इष्टिमेट स्वीकृतीको समावेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.	३४३०००/-
२८.९.	खेलकुद विकास शिर्षकबाट ड्रेस र फुटवल खरिद गरे वापत वडा नं. ९ का वडा सचिवलाई रु. ५९८००/- भुक्तानी गरेकोमा उक्त सामाग्रीको जिन्सी दाखिला नरहेको र वितरण विवरण समेत पेश नभएको रु.	५९८००/-
२८.१०.	भौ.नं. १०/२०७६/७/११, लेटाङ नगरपालिकाको सार्वजनिक नियमावली २०७६ को नियम १०७(९) मा उपभोक्ता समितिबाट कार्य गराउदा हेभि इक्युपमेन्ट प्रयोग गर्न नपाउने व्यवस्था छ । कार्यालयले गत वर्षको क्रमागत योजना शिर्षकबाट भुपु टोल कालोपत्रे सडक निर्माण उपभोक्ता समितिलाई २०७६।७।२२ मा रु. ४५२३०००/- भुक्तानी गरेकोमा कालोपत्रे कार्य गराउदा रोलर समेत प्रयोग गरेको र विटयुमिन खरिद वापत उपभोक्ता समितिलाई रु. २४०७७३२/- भुक्तानी गरेकोमा विटयुमिनको ल्याव परीक्षणको प्रमाण समावेश नभएको र कालोपत्रे गर्दा प्रयोग गरिएका अन्य सामाग्री समेतको ल्याव परीक्षण वेगर भुक्तानी दिएको देखिएकोले नियममा भएको व्यवस्थाको पालना नगरी हेभि इक्युपमेन्ट प्रयोग गरी सडकमा प्रयोग गर्नु अघिनै परीक्षण गराउनु पर्ने विटयुमिन र अन्य सामाग्री परीक्षण वेगर भुक्तानी गरेकोले उक्त सडक स्वीकृत स्टाडर्ड स्पेसिफिकेशन पुरा गरी निर्माण गरे नगरेको यकिन गर्न सकिएन ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
२८.११.	भौ.नं. ११/२०७६/७/२२, लेटाङ नगरपालिकाको सार्वजनिक नियमावली २०७६ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप गर्नुपर्ने व्यवस्था छ । तोकिएको अवधिमा कार्य पुरा नभएमा सोही नियमावलीको नियम १३० मा पूर्व निर्धारित क्षतिपूर्ती लिने व्यवस्था छ । कार्यालयले २०७५।७६ मा ठेक्का बन्दोबस्त गरी २०७५।११।६ मा सम्झौता गरी २०७५ चैत्र मसान्त भित्र काम पुरा गर्ने गरी विभिन्न साइज का तार जाली सप्लाई गर्न कला सप्लायर्स विराटनगरसँग सम्झौता गरेकोमा सप्लायर्सले तोकिएको अवधि भित्र जाली सप्लाई नगरेकोमा सो सम्झौतालाई क्रमागत योजनामा सारेर यो वर्ष भौ.नं. १६/२०७६/७/२२ मा रु. १४१५८३३/- भुक्तानी गरेकोमा म्याद थप गरेको नपाइएकोले सम्झौता रकम रु. ३१३८७१८/- को १० प्रतिशतले हुने रकम रु. ३१३८७१.८०/- असुल हुनुपर्दछ रु.	३१३८७१.८०
२८.१२.	**लागत अनुमान स्वीकृतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्यको लागि खरिद तथा उपभोक्ता समितिबाट सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा मालसामानको स्पेसिफिकेशन तथा लागत अनुमान तोकिएको तह र आर्थिक अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नभएकोले नियमानुसार लागत अनुमान स्वीकृत गरेरमात्र खर्च गर्नुपर्दछ ।	

भौ.नं./मिति	योजनाको नाम	रकम	कैफियत
३५/२०७६/९/१३	चाम्लिङ टोल मोटरबाटो	१०००००	
३६/२०७६/९/१३	डुडेआले सडक	६०००००	
३७/२०७६/९/१३	ज्यामेरे मोटरबाटो	५०००००	
३९/२०७६/९/१३	तेली गाहाडे सिंचाई पैनी	४७९६०२	
४४/२०७६/९/१३	५० केवीए ट्रान्फर्मर खरिद	४९२३७७	
४५/२०७६/९/१३	बराह मन्दिर भवन निर्माण	५६७९९१	
४७/२०७६/९/१३	विहिवारे हाट टहरा निर्माण	४५००००	
५७/२०७६/१०/१३	दोकाने डाँडा खानेपानी योजना	२०००००	वडाध्यक्षबाट लागत अनुमान स्वीकृत
५८/२०७६/१०/१३	तीन पाता कार्तिके नयाँ ट्याक निर्माण उ.स.	४०००००	वडाध्यक्षबाट लागत अनुमान स्वीकृत
९१/२०७६/११/१८	देवीथान मार्ग सालवारी ड्रेन निर्माण	२०००००	लागत अनुमान संलग्न नरहेको
९८/२०७६/११/११	शिव शक्ति वाल विकास केन्द्र भवन चौडाह	५००००	लागत अनुमान स्वीकृत नगरेकोले
१८९/२०७७/२/१	पूर्वाञ्चल इन्टरप्राइजेज	४८००००	ल्यापटप प्रिन्टर खरिद गरिएकोमा स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत नभएको
२०३/२०७७/३/१	नक्साले मुहान धोवी तुर्के सडक	४४२०००	कार्यालयमा सुचिकृत मौजुदा सूचीमा नरहेको फर्मबाट कार्य गराएको
१०२/२०७६/११/२०	सप्तरङ्गी मार्गमा कल्भर्ट निर्माण	७५०००	लागत अनुमान स्वीकृत नभएको

२८.१३.	भौ.नं. ५२/२०७६/९/१३, कार्यालयले गुहावारी जोड्ने रिङरोड निर्माण उपभोक्ता समितिलाई जनसहभागिता सहित रु. १२८०३४/- को सम्झौता भै कार्य गराएकोमा उपभोक्ता समितिले पेश गरेको विल बमोजिम रु. १२५७४८/- मात्र रहेकोले कामको मूल्याङ्कन भन्दा बढी भुक्तानी दिएको रु.	२२८६/-
२८.१४.	भौ.नं. ७२/२०७६/१०/२२, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले वित्तीय अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । कार्यालयले गत वर्षबाट सरेको क्रमागत	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	योजनाको वडा नं. ९ नमूना मदन मार्ग कालोपत्रे सडक उपभोक्ता समितिलाई रु. ५५००००००/- को लागत अनुमान स्वीकृत गरी रु. ४२९२२९/- भुक्तानी गरेकोमा लागत अनुमान तथा भुक्तानी स्वीकृत गर्ने कार्य प्रशासकीय अधिकृतबाट स्वीकृत नगरी नगरप्रमुखबाट स्वीकृत भएको आधारमा कार्य गराई भुक्तानी दिएको कार्यले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम भएको मान्ने आधार देखिएन । कानूनको पालना गरेर कार्य गराउनुपर्दछ ।	
२८.१५.	भौ.नं. ११६/२०७६/१२/१, सार्वजनिक खरिद निमयावली २०६४ बमोजिम सोझै खरिद गर्दा ३ वटा सप्लायर्सबाट दररेट लिई सबै भन्दा घटीवालाबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खानेपानी योजना मर्मत संभारको लागि मौजुदा सूचिमा नरहेका सप्लायर्सबाट रु. १५००००/- को पाइप खरिद गरी खर्च गरेको छ । नियमको पालना गरेरमात्र खर्च लेख्नुपर्दछ ।	
२८.१६.	भौ.नं. २०३/२०७७/३/११, कार्यालयमा खरिद गरिएका जिन्सी मालसामानहरु स्टोर मौज्दातमा दाखिला गरेपछि मात्र भुक्तानि दिनुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं. ६ का वडा सचिव रमेश खनाललाई डेक्सटप प्रिन्टर र कुर्सी खरिद गरि रु. १०००००/- भुक्तानी गरेकोमा उक्त समाग्रीहरु खर्च भएर जाने खातामा आम्दानी गरेकोले खर्च भएर नजाने खातामा आम्दानी गरेको प्रमाण पेश हुनुपर्दछ ।	
२८.१७.	भौ.नं. ३०२/२०७७/३/२१, मालसामान खरिद गरेकोमा सोको भुक्तानी सम्बन्धी विक्रेतालाई गर्नुपर्ने व्यवस्था छ । शुसाशन प्रवर्द्धन कार्यक्रमबाट २ थान मोवाईल खरिद गरी सिद्धिविनायक ट्रेडर्सलाई रु. ५७०००/- वडा सचिव सूर्य बहादुर महत्तालाई भुक्तानी दिएको छ । तर उक्त मोवाइलको जिन्सी दाखिला नदेखिएको र रकम सचिवलाई भुक्तानी गरेकोले जिन्सी दाखिला गरी सम्बन्धित पार्टीले रकम बुझेको भरपाई पेश हुनुपर्ने रु.	५७०००/-
	• **पदाधिकारी सुविधा**	
२९.	**स्वकीय सचिव र सल्लाहकार** - गाउँ तथा नगरसभाको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले श्री गणेश राज लुइटेललाई कानूनी सल्लाहकार नियुक्ति गरी मासिक रु. २००००/- का दरले जम्मा रु. २४००००/- भुक्तानी गरेको अनियमित देखिएको रु.	२४००००/-
३०.	**अनुगमन भत्ताः** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (ख) मा नगरपालिका प्रमुखको रु. ११०००/-, उपप्रमुखको रु. ११०००/-, वडाध्यक्षको रु. ४५००/- र कार्यपालिका सदस्यको रु. २०००/- मासिक अनुगमन भत्ताको व्यवस्था छ। उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एक मुष्ट भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएको रु.	९४२०००/-

पद	संख्या	मासिक अनुगमन भत्ता दर	वार्षिक अनुगमन भत्ता
प्रमुख	१	११०००	१३२०००
उप-प्रमुख	१	११०००	१३२०००
वडाध्यक्ष	९	४५००	४८६०००
कार्यपालिका सदस्य	८	२०००	१९२०००
		जम्मा	**९४२०००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३१.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३७३७०८२/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
३२.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले धार्मिक तथा सांस्कृतिक सहायता, अन्य संस्था सहायता, शैक्षिक संस्था सहायता, विपन्न नागरिक उपचार सहयोग प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ४५७४७३३/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
	• **अनुदान प्राप्ति,वितरण र फिर्ता**	
३३.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु	१६८०००/-

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१४१७८२६३०	१४१७८२६३०	-
	विषेश	१०००००००	०	१००००००० (२०७७/७/२४ मा को.ले.नि.का मोरङ फिर्ता)
	समपुरक	०	-	-
	अन्य	०	-	-
प्रदेश सरकार	शसर्त	२१००८०००	२०८४००००	१६८०००
	विषेश	१५०००००	१५०००००	-
	समपुरक	१०००००००	५४१८५००	४५८१५०० (२०७७/३/२८ मा प्र.ले.नि.का मोरङ फिर्ता)
	अन्य	-	-	-

३४.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
	• **कर दस्तुर एवं आन्तरिक आय**	
३५.	**असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार असुल गर्ने बाँकी रहेको छ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	सि.नं. | ठेकेदारको नाम | सम्झौता रकम | बाँकी रकम १ | कनकाई ववई निर्माण सेवा | २९९९००० | १२५०००० तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको ब्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.	१२५००००/-
	• **आय ठेक्का (नदी जन्य पदार्थ):**	
३५.१.	**विक्रि छुटको आधारः** कार्यालयले नगरपालिका भित्रका चिसाङ र तेली खोलाबाट नदीजन्य पदार्थ उत्खनन् र विक्रि गर्ने कार्यको २०७६।८।१२ मा वोलपत्र आह्वान गर्दा वोलपत्र सूचनाको शर्त नं. ४ मा ठेक्का वापत को रकम एकमुष्ठ रुपमा मू.अ.कर सहित बुझाउनु पर्ने, एकमुष्ठ रुपमा मू.अ.कर सहित बुझाई सम्झौता गर्ने फर्म वा कम्पनीले लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१(२) बमोजिम कार्यपालिकाको निर्णयानुसार बढीमा मू.अ.कर बाहेकको रकममा १० प्रतिशत सम्म छुट दिइने छ भन्ने व्यवस्था रहेको छ । उक्त ठेक्कामा सबै भन्दा बढी कवुल गर्ने विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.ले मू.अ.कर सहित रु. १४ करोड ३० लाख ५८ हजार कवुल गरेको छ । कार्यालयले २०७६।१०।२७ मा ठेक्का बन्दोवस्त पट्टा जारी गर्दा उक्त सप्लायर्सले रु. १२ करोड ६६ लाख एकमुष्ठ रकम बुझाएकोले रु. १ करोड २६ लाख ६० हजार छुट दिई बाँकी रु. ११ करोड ३९ लाख ४० हजार मा मू.अ.कर रु. १ करोड ६४ लाख ५८ हजार थप गरी रु. १३ करोड ३ लाख ९८ हजार न.पा. खातामा दाखिला गरेको देखाई सोही दिन देखि पट्टा जारी गरेको पाइयो । तर ठेक्का कवुल गर्ने विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.ले मू.अ.कर वापतको रकम २०७७।३।३० मा मात्र आन्तरिक राजस्व कार्यालय विराटनगरको नाममा जम्मा देखाएको रकम उक्त मू.अ.कर फरक शिर्षकमा जम्मा भएको करदाताको दर्ता कार्यालय आन्तरिक राजस्व कार्यालय सुनसरीको कोडमा जम्मा गर्नुपर्ने उल्लेख गरी नगर कार्यपालयकाले २०७७।३।३१ मा कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङलाई रकम शिर्षक मिलान गरिदिन पत्राचार गरेको समेत देखिएकोले सूचनाको शर्त अनुसार मू.अ.कर सहित एकमुष्ठ रकम बुझाएको नपाइएकोले शर्त बमोजिम रकम जम्मा नगरेको अवस्थामा आय रकम छुट दिई घटी मात्र असुल गरेको पाइएकोले घटी मात्र असुल गरेको रु. १ करोड २६ लाख ६० हजार सप्लायर्सबाट असुल हुनुपर्ने रु.	१२६६००००/-
३५.२.	**आइटम र परिमाण नछुट्टीएको ठेक्काः** नदीजन्यय पदार्थ संकलन र विक्रिको लागत अनुमान र ठेक्का बन्दोबस्ट गर्दा स्वीकृत **IEE** प्रतिवेदनमा तोकिएको ढुँगा गीट्टी, वालुवा अन्य श्रोत मध्ये के कति परिमाण कून कून नाकाबाट संकलन र विक्रि गर्न सकिने सो आधारमा ठेक्कापट्टाको लागि परिमाण कायम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नदीजन्य पदार्थ संकलन र विक्रि गर्ने २०७६।८।१२ को सुचनामा ढुँगा, गीटी, वालुवा, रोडा भरौट, माटो संकलन ठेक्का ई विडिङ मार्फत आह्वान गर्दा २ वटा नदीबाट १५९६९५९३.३४ घन फिट परिमाण मात्र उल्लेख गरी न्युनतम रकमको सूचना गरेको छ । उत्खन्नको लागि विवरण तयार गर्दा खोलाको नाम र नाका उल्लेख गरेको भएतापनि पदार्थहरुको परिमाण खुलाएको पाइएन । ठेक्का प्राप्त गर्ने व्यक्ति/फर्मले कुन कुन पदार्थको संकलन र विक्रि गर्न सक्ने सोको परिमाण नै यकिन नगरी ठेक्का लगाएकोले **IEE** प्रतिवेदन अनुसार उत्खननको सीमा भित्र रहेको मान्ने आधार देखिएन ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३५.३.	**शर्त पालना स्थितीः** नदी जन्य पदार्थ उत्खन गर्ने निर्माण व्यसायीसँग भएको सम्झौताको शर्तमा कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी अनिवार्य रुपमा प्रमाणित गराई राख्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष छपाई गरेको संख्या र प्रयोग गरिएको रसिदको विवरणको अभिलेख पेश भएन ।शर्त नं. १२ मा खोलाका अन्य पदार्थको उत्खनन् परिमाणको विवरण प्रत्येक महिना नगरपालिकालाई उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा सो अनुसारको विवरण नबुझाएको, पट्टाको शर्त नं. ११ मा मेशिनबाट उत्खनन् गर्न पाउने व्यवस्था राखी स्कसाभेटरबाट उत्खनन् गर्न अनुमति दिएको छ । एक्साभेटरबाट उत्खनन् गर्ने तर मासिक परिमाण नबुझाउने, उत्खनन् गर्ने पदार्थको किसिम नतोकिएको कुल परिमाण मात्र तोकिएकोमा सम्झौताको शर्त पालना नगरी नगराई प्राकृतिक श्रोतको उत्खनन् र विक्रि गरेकोमा सम्झौता परिमाण भन्दा बढी परिमाण उत्खनन् र विक्रि भए नभएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । शर्त भन्दा बढी परिमाणको विक्रि र उत्खनन् भएमा सम्झौता अनुसारको थप रकम असुल गर्नुपर्दछ । यस्तो कार्यमा परिमाण नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।	
३५.४.	**स्टक प्रमाणितः** नदी जन्य पदार्थ उत्खनन् र विक्रि गर्न भएको पट्टा सम्झौता अनुसार कुल ४५२५५६ घ.मी. ढुंगा, गीटी, रोडा र ग्राभेल २०७७ जेष्ठ मसान्न सम्म संकलन र विक्रि गर्नलाई इजाजत दिएको र स्टकमा राखी विक्रि गर्ने सम्झौतामा शर्त नरहेकोमा सम्झौता अनुसारको मासिक विवरण नबुझाएको ठेकेदारले स्टकमा नदी जन्य पदार्थ रहेको देखाई १५ स्थानमा आफूसँग ३८१६२२ घ.मी. नदी जन्य पदार्थ राखिएको प्रमाणित गर्न माग गरिएको आधारमा कार्यालयले २०७७।३।५ मा (ठेक्का अवधि पुरा भएपछि) सोही परिमाणको स्टक अन्यत्र विक्रि गर्न र सोको विक्रि भएको विजक पेश गर्ने शर्तमा स्टक प्रमाणित गरेको पाइयो। मासिक रुपमा संकलनको परिमाण नदिएकोले ठेकेदारको स्टक प्रमाणित गरिएको आधार स्पष्ट देखिएन । सम्झौता शर्तमा नभएको अन्यत्र विक्रि गर्ने स्वीकृत दिएको सम्बन्धमा पुन यकिन गरी बढी परिमाण संकलन देखिएमा रकम असुल हुनुपर्दछ ।	
३६.	**राजश्व वाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँट गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँट गरी पठाउनु पर्ने रु. १५५७६०००/- बाँकी राखेको छ ।	

आय शीर्षक	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
दहत्तर बहत्तर शुल्क	४५५७६०००	३०००००००	१५५७६०००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३७.	**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	२००००००	९४०७०६.९९	४७.०४
घरजग्गा वहाल कर	१५०००००	११५८२१	७.७२
व्यवसाय कर	२००००००	९८६१००	४९.३१

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

३८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ २(क) मा नगरपालिका आफुले उठाएको राजश्व तथा आय रकम आफ्नो संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न वडाहरु तथा केन्द्रमा राजस्व आम्दानी गर्न सफ्टवेयरको प्रयोग गरेको पाईयो । राजश्व शाखाबाट प्राप्त सफ्टवेयरको शिर्षकगत राजश्व आम्दानी विवरण र SUTRA अनुसार देखाईएको राजश्व आम्दनी विवरण भिडान गर्दा देहायनुसारको फरक पाईयो ।

राजस्व संकेत	शिर्षक	२०७७ आषाढ मसान्तसम्मको राजश्व आम्दानी	
		SUTRA अनुसार	राजश्व शाखाको विवरण अनुसार
११३१३	एकिकृत सम्पत्ती कर	९४०७०६.९९	१११५२५७.६०
११३१४	भुमिकर / मालपोत	६१७९३०६.७५	८१८०७९.८४
११३२१	घरबहाल कर	११५८२१	३३७५१४.७०
११४५२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	५६६०३३२	५००००००
११६९१	अन्य कर	१५११२८०	१२१९७०
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय		
१४२१९	अन्य सेवा शुल्क तथा विक्री		
१४२४२	नक्सापास दस्तुर	४१००७	२२२१५९.८७
१४२४३	सिफारिश दस्तुर	४४९१८५	५७१०५५
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर		१९२०८०
१४२४५	नाता प्रमाणित दस्तुर		१४४४२०
१४२४९	अन्य दस्तुर		६२२९०५
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत		१२७९१६
१४६११	व्यवसाय रजिष्ट्रेशन दस्तुर	९८६१००	२००४०

कार्यालयबाट लेखापरीक्षणमा पेश गरिएको राजश्व संकलन विवरणको शीर्षकगत आयको परिक्षण गर्दा देखिएको थप व्यहोरा निम्नानुसार छन् ।

- नगरपालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर बापत आम्दानी संकेत नम्बर १४२५३ मा रु. २००४०/- देखाएकोमा उक्त रकम SUTRA मा संकेत नम्बर १४६११ मा (व्यवसाय रजिष्ट्रेशन दस्तुर) मा रु.. ९८६१००/- आम्दानी बाँधिएको ।
- शाखाले आम्दानी संकेत नम्बर १४२५३ मा व्यवसाय रजिष्ट्रेशन दस्तुर आम्दानी देखाएकोमा सुत्रमा १४६११ मा व्यवसाय रजिष्ट्रेशन दस्तुर बापतको रकम आम्दानी बाँधेको देखियो ।
- शाखाले संकलन गरेको निम्न शिर्षकको राजश्व SUTRA मा आम्दानी बाँधेको देखिएन ।

संकेत नं	आय शीर्षक	रकम
१४४४३	परीक्षा शुल्क	७५००
११६१३	अन्य प्रशासनिक सेवा शुल्क	११४७१७.८७
१४२४१	पार्किङ्ग शुल्क	५३५०
१४५२९	अन्य दस्तुर	६२२९०५

नेपाल सरकारबाट राजश्व आम्दानीको लागि स्वीकृत गरिएका राजश्व वर्गीकरणको शीर्षक अनुसार आम्दानी गरी सोहि आधारमा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा उपरोक्तानुसारको अवस्थाले राजश्वको शीर्षगत आम्दानी यथार्थ रहेको मान्ने आधार रहेन । स्वीकृत राजश्व शीर्षक अनुसार आम्दानी गरी सोही आधारमा आर्थिक विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।

- **शशर्त चालुः (शिक्षा तर्फ)**

३९. भौ.नं. ६९/२०७७/१/२२, शशर्त अनुदान वापतको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यक्रम निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ । निशुल्क पाठ्यपुस्तक वापतको रकम

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	निकासा गर्दा गत वर्षको **IEMIS** को आधारमा ७५ प्रतिशत रकम निकासा दिनुपर्ने र नयाँ **IMEIS** प्राप्त भएपछि विद्यार्थी संख्या यकिन गरी विद्यालयले पुस्तक खरिद गरेको विल भरपाईको आधारबाट तथ्याङ्क भिडान गरी थप पाठ्यपुस्तकको रकम निकासा दिन सकिनेमा २०७६।१२।११ देखि लकडाउनको कारण विद्यालयहरु बन्द रहेको अवधि २०७७।१।१३ मा पहिलो किस्ता वापत रु. २९६१८९०/- निकासा गरीसकेपछि २०७७।१।२२ मा थप पाठ्यपुस्तक वापत उल्लेख गरी निम्नानुसार रु. २६८७२३७/- निकासा पठाएको पाइयो । विद्यार्थी भर्ना संख्याको आधारमा मात्र निकासा दिनुपर्ने उक्त थप रकम विद्यालय बन्द रहेको र शैक्षिक सत्र २०७७ को **IMEIS** वेगर निकासा गरेकोले उक्त तथ्याङ्क र थप निकासाको पुन यकिन गर्नुपर्दछ बढी रकम देखिएमा फिर्ता लिई दाखिला गर्नुपर्ने र खर्च पुष्टि हुने प्रमाण वेगरको भुक्तानी रु. **भौ.नं./मिति** — **निकासा रकम** ६९/२०७७/१/२२ — १७८९५४० १२५/२०७७/३/१५ — ८९७९९७ **जम्मा** — **२६८७५३७**	२६८७२३७/-
४०.	**छात्रवृतिः** भौ.नं. ९७/२०७७/३/७, विद्यालयका विद्यार्थीहरुको लागि तोकिएका अपाङछात्रा दलित तथा छात्रा छात्रवृति वापतको रकम २०७६।१२।११ पछि सम्पूर्ण लकडाउन भै विद्यालय बन्द रहेको अवधिमा विद्यालय खातामा निकासा गरेकोमा विद्यालयहरुले तोकिएका नाम अनुसार प्राप्त गर्नुपर्ने छात्रवृतिहरु सम्बन्धित विद्यार्थीलाई बुझाएको प्रमाण र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. **अपाङ्गता छात्रवृति** — **दलित छात्रवृति** — **छात्राछात्रवृति (१-८)** ४ जना — १८८ जना — १४७१ जना	७३७६००/-
४१.	**बढी तलब भुक्तानी** :- शिक्षाको लागि प्राप्त शशर्त तर्फको तलव भत्ता भुक्तानी गर्दा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले निम्नानुसारको शिक्षकहरुको नाममा अवकास पछिको अवधिको समेत तलव विद्यालयका खातामा निकासा दिएकोले यकिन गरी असुल गर्नुपर्दछ ।	
४१.१.	श्री जाँते मा.वि का प्रा.शि. द्वितिय श्री भवानी रिजालले २०७७/३/१४ मा अनिवार्य अवकास लिएकोमा निजलाई असार महिनाको पुरै तलब भुक्तानी दिएकोले बढी भुक्तानी दिएको तलब असुल हुनुपर्ने रु...	२३०४०/-
४२.	**सरुवा**: अन्यत्रबाट सरुवा भई आउने शिक्षकहरुलाई सम्बन्धित पालिकाबाट ति शिक्षकको नाममा रकम निकासा भै सके नसको यकिन गरेरमात्र तलव भत्ता निकासा गर्नुपर्नेमा निम्नानुसारको शिक्षकहरु अन्यत्रबाट सरुवा भै आएकोमा सरुवा हुनु अगावैको अवधिको रकम भुक्तानी दिएकोले दोहोरो नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... **शिक्षकको नाम** — **विद्यालय** — **रमाना/हाजिर मिति** — **भुक्तानी रकम** — **कैफियत** ताराज्योती मिश्र — श्री साग्मा मा वि साग्मा लेटाङ १ — २०७६।५।५ — ३४४५४ — भाद्रबाट हाजिर भएकोमा श्रावणको पुरै तलब खुवाईएकोले सरुवा भै आएको विद्यालयबाट तलब नखाएको प्रमाण पेश गर्नुपर्ने	३४४५४/-
४३.	भौ.नं.१२०/२०७७/३/२८, शशर्त कार्यक्रमबाट विद्यालयमा पठाइने रकम तोकिएको आधारबाट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्याल अन्तर्गत पाठ्यक्रम आधारभुत विद्यालयको भवन रेक्टोफिटिङ गर्ने प्राप्त रु. १५००००००००/- निकासा दिई विद्यालय खाता रोक्का राखेकोमा लेखापरीक्षणको क्रममा उक्त विद्यालयले सो रकमबाट कार्य गराएको विवरण प्राप्त भएको छ । रेक्टोफिटिङ सम्बन्धी कार्य गर्न शिक्षा विभाग (शैक्षिक अनुसन्धान गुणस्तर) बाट विद्यालयको	

स्थानीय तहको नामः *लेटाङ नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	दुईवटै तलामा कार्य गर्ने गरी डिजायन र इष्टिमेट समेत स्वीकृत गरी पठाएको पाइयो । तर विद्यालयले उक्त डिजायन र इष्टिमेट अनुसार कार्य नगरी न.पा. का इन्जिनियरबाट छुट्टै लागत अनुमान तयार गरी उक्त कार्य सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका व्यवस्था अनुसारको प्रकृयाको पालना नगरी २ फर्मबाट दररेट लिई १ तला मात्र कार्य गराएको समेत देखिएकाले विद्यालय भवनको रेक्टोफिटिङ कार्य स्वीकृत ड्रइङ डिजायन र लागत भित्र रही सम्पन्न गरेको मान्ने आधार देखिएन । विद्यार्थी समेत अध्ययन गर्ने भवनको मर्मत कार्य स्वीकृत ड्रइङ डिजायन अनुसार नगराई खर्च भएको र भवन पठन पाठन गर्ने योग्य रहे नरहेको सम्बन्धमा पुन यकिन हुनुपर्दछ । तोकिएको मापदण्ड पुरा गरेर मात्र निर्माण कार्यमा खर्च गर्नुपर्दछ ।	
	• **औषधि खरिदतर्फः**	
४४.	कार्यालयले यस वर्ष शशर्त अनुदान तर्फबाट रु. २० लाख र नगरपालिकाको तर्फबाट रु. १० लाख समेत औषधि खरिदको लागि स्वीकृत गरेकोमा शशर्त तर्फको रु.२० लाख मध्येबाट १०६ प्रकारका औषधिको नाममा उल्लेख गरेकोमा १०३ प्रकारका औषधिको रु. १४९९४०७/- को लागत अनुमान स्वीकृत गरी दरभाउपत्रबाट खरिद गर्न सूचना प्रकासन गरेकोमा ११ वटा सप्लार्यसबाट दरभाउपत्र पेश गरी सबै भन्दा घटी कवोल गर्ने निरजिमा मेडिको तुलनात्मक चार्टमा रु. ४१९४३०/- मू.अ.कर बाहेक देखाएकोमा भौ.नं. ३५/२०७६/१०/२२ बाट सप्लार्यसलाई रु. ५२८४४०/- भुक्तानी गरेको छ । तुलनात्मक चार्ट भन्दा रु. १०२८९६.५२ बढी भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गर्नुपर्ने रु. यस सम्बन्धमा देखिएका अन्य व्यहोराः	१०२८९६.५२
४४.१.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
४४.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४४.३.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
४४.४.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
४४.५.	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४४.६.	भौ.नं. १३४/२०७७/३/१६, औषधि रिप्याकिङ ढुवानी वापत उल्लेख गरी महेन्द्र प्र. चौधरीलाई रु. ५००००/- भुक्तानी गरेकोमा रिप्याकिङ औषधिको विवरण तथा औषधि मातहत संस्थामा पठाएको हस्तान्तरण फारम समावेश नभएको खर्च रु.	५००००/-
४४.७.	भौ.नं. ११४/२०७७/३/१४, शशर्त कार्यक्रम संचालन गर्न प्राप्त रकम तोकिएको स्वीकृत चौमासिकमा सम्पन्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले न्यानो झोला कार्यक्रमको रकमबाट २०७७।३।३ मा मात्र ३३३ पिस न्यानोझोला खरिद गरी न.पा. स्टोरमा दाखिला गरी रु. २९९९०३/- दिएको छ । उक्त झोला **PHC** र सम्बन्धित वर्थिङ सेन्टरहरुमा पठाई तोकिएको कार्यमा प्रयोग गर्नुपर्दछ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
४४.८.	भौ.नं. ११९/२०७७/३/४, औषधि खरिद सम्बन्धी कार्य गरी भुक्तानी गर्दा तोकिएको आधारबाट गर्नुपर्ने व्यवस्था छ । यसोदा फर्मा ट्रेडर्सबाट २०७७।२।१८ मा स्वास्थ्य संस्थाहरुलाई बुझाउने गरी रु. ६८९००/- मा ६ प्रकारका औषधि खरिद विल समावेश गरेकोमा रु. ५००००/- भुक्तानी भएको छ । खरिद गरिएका उक्त औषधिहरु मातहत स्वास्थ्य संस्थाहरुमा पठाएको नपठाएको पुन यकिन गर्नुपर्ने र सम्बन्धित संस्थाहरुले औषधि स्टक दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	५००००/-
	• **कोभिड-१९तर्फः**	
४५.	**कोषमा आम्दानीः** कार्यालयले कोभिड-१९ संक्रमण र नियन्त्रण कार्य गर्न प्रकोप व्यवस्थापन कोष मार्फत कारोवार गरी खर्च गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कोषमा निम्नानुसार निकायबाट रकम प्रापत देखाएको छ ।	

आन्तरिक मामिला तथा कानून मन्त्रालय	१००००००
सामाजिक विकास मन्त्रालय	१०००००
समानीकरण अनुदानबाट	७५४८८६
स्थानीय पूर्वाधार विकास कार्यक्रमबाट	३९०००००
न.पा. पूँजीगतबाट	४६०००००
अन्य व्यक्ति संघसंस्थाबाट	१८४५१२०
जम्मा	**१२२००००६**

४६. **कोरोना सुरक्षाकर्मीः** कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य विधि निर्देशिकामा कोरोना संक्रमण नियन्त्रणको लागि प्राप्त रकम अन्य कार्यमा खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले दैनिक रु.६००/- भुक्तानी गर्ने गरी १० जना लाई मष्टरोलमा राखी २०७७।२।२१ देखि २०७७।३। मसान्त सम्म रु.२५८०००/- खर्च गरेको छ । वडाहरुमा सुरक्षाकर्मी र डोर हाजिरीमा विभिन्न नाकाहरुमा थप व्यक्तिहरु सुरक्षामा खटाएको उल्लेख गरी वडाध्यक्षहरुको सिफारिसमा रकम भुक्तानी गर्ने पाइयो ।

वडा नं.	भुक्तानी सिफारिस गर्ने	खटाएको व्यक्ति	रकम
७	वडाध्यक्ष	इ.प्र.का लेटाङबाट खटाएको	११२००
९	वडाध्यक्ष	होर हाजिरीमा जाते पथरी नाकामा २०७७।२।९ देखि २।.....	३४४००
४	वडाध्यक्ष	विभिन्न चौकमा आवत जावत गर्ने व्यक्तिको नामावधि संकलन गर्ने मासिन खटाएको आधारमा	१५४४४४

४७. **सुरक्षा सामाग्री खरिद र खपत स्थितिः** कार्यालयले कोरोना सुरक्षा सम्बन्धी सामाग्री खरिद गरी ल्याएर स्वास्थ्य शाखा प्रमुखले बुझिलिएकोमा उक्त सामाग्रीहरु स्वास्थ्य प्रमुखले मातहत इकाईमा पठाई खर्च जनाएको आधारमा सबै सामाग्रीहरु खर्च देखाएको छ ।

भौ.नं./मिति	खरिद रकम	पार्टिको नाम
२०७६/१२/२६	४९८८३७	अन्जु इन्टरप्राइजेज
२९/२०७७/३/१९	२६२०४४	पोखरेल ट्रेडर्स

४८. **राहत वितरणः** कार्यालयबाट प्राप्त विवरण अनुसार नगरभित्रका घर परिवार मध्ये पहिलो चरणमा २२८० दोश्रो चरण १९०३ र तेश्रो चरण ५३४ घर परिवारलाई राहत वितरण गरेको पाइयो। कार्यालयले राहत वितरण गर्न खाद्यान्न सामाग्री गा.पा.केन्द्रबाट खरिद गरेको र ८ वटा वडालाई प्याकिङ, ढुवानी, खाजा समेतको लागि रु. ७४५९८५/- भुक्तानी गरेकोमा वडा नं. ३ र ४ का वडा सचिवले उक्त ढुवानी भाडा बाहेक क्रमश रु. १३३२०/- र २७२१०।— समेत भुक्तानी गरेकोमा निर्णय वेगर भुक्तानी रु. — ४०५३०/-

• **स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमतर्फः**

४९. **उपभोक्ता समितिबाट कालोपत्रे कार्यः** भौ.नं. १०/२०७७/३/२४, लेटाङ नगरपालिकाको

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०७ (९) मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा रोलर, डोजर, ग्रेडर, विटुमिन डिष्ट्रिव्यटर जस्ता हेभी मेशिन प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल कार्य भनि उल्लेख भएको रहेछ भन्ने प्रविधिको सिफारिस नगरपालिकाबाट सहमति लिनुपर्ने सहमति नलिई हेभी मेशिन प्रयोग गरेमा समितिसँगको सम्झौता रद्द गरिने व्यवस्था भएकोमा लेटाङ कमलपुल सडकमा राजारानी-.... कालोपत्रे कार्य गराई क्रमश रु. ३२५०६९७/- र ३३६१२६/- उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । कालोपत्रे वपातको कामको भुक्तानी गर्दा विटुमिन टेष्टको रिपोर्ट समेत समावेश गरेको पाइएन । खरिद नियमावलीमा भएको व्यवस्थाको पालना गराएर मात्र कार्य गर्नुपर्दछ ।	
	• **आयकर एवं मू.अ.कर**	
५०.	**मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु. ७९००००००/- असूली गर्दा नियमानुसार हुने रु. ९८४१५२/- मूल्य अभिवृद्धि कर रकम असुल गरेका छैनन् । ठेकेदारको नाम | आय ठेक्काको विवरण | सम्झौता रकम | भुक्तानी रकम | मुअकर छुट रकम राजारानी विक्रि केन्द्र | सडक पूर्वाधार शुल्क | ५५५५५५५५ | ५०००००० | ६३९१३५ कनकाई ववई निर्माण सेवा | | २९९९००० | २९००००० | ३४५०१७ जम्मा | ९८४१५२ यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संधीय संचितकोष दाखिला हुनुपर्ने रु.	९८४१५२/-
	• **उपभोक्ता समिति मार्फत कार्य**	
५१.	**हेभी इक्विपमेण्टको प्रयोग** – लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको सहमति लिएको पाइएन । नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
५२.	**डीपीआर खर्च** —बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत खेरुवा खोला पक्की पुल | युनाइटेड | १८२५९६१ | १८२४९६१ | ४६३४९७८७.३५	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

	इन्जिनियरिङ सोलुसन			
प्राथामिक स्वास्थ्य केन्द्र भवन तथा भगवती मा.वि. छात्रावास भवन	टपपन इन्जिनियरिङ	१५९७५०९	१५८४८२४	५८९७६०० ३१३४६९७५
काने पोखरी कृतिमान सडक	नोडल इन्जिनियरीङ	११७४७८२	११७२७८२	२०६६७८८२५
	जम्मा	**४५९८२५२**	**४५८२५६७**	**२९०२७३१८७.३५**

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५३. **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ९ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १८५०२००/- खर्च गरेका छन् ।

५४. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको वडा ९ मा सवदाह मलामी घर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६३ जनालाई रोजगारी उपलव्ध गराई रु. ९८९८१५/- खर्च गरेको छ । लक्षित वर्गलाई १२ दिनदेखि २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

५५. **भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । कार्यालयले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु. १३६१८००/- र भ्रमण खर्चमा रु. ५५५९५०/- गरी जम्मा रु. १९१७७५०/- खर्च गरेकोमा भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र राख्ने गरेको पाइयो । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

५६. **मर्मत अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. १८१०५५७/- र मेशिन औजार मर्मतमा ५७००००/- गरी जम्मा रु. २३८०५५७/- खर्च गरेकोमा लागत अनुमान तयार गर्ने गरेको तथा मर्मत अभिलेख खाता राखेको पाइएन । नियमावलीमा व्यवस्था बमोजिम मर्मत अभिलेख खाता तोकिएको ढाँचामा राख्नु पर्ने र मेशिन औजार मर्मतको समेत अभिलेख राख्नुपर्दछ ।	
५७.	**जिन्सीको व्यक्तिगत अभिलेख खाताः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी मापदण्डको व्यवस्था छ । उक्त व्यवस्था अनुसार अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामग्री प्रयोग गर्ने कर्मचारी वा पदाधिकारीको नाम श्रेणी, पद जिन्सी सामाग्रीको नाम र प्रकार, मूल्य, जिन्सी सामाग्री बुझिलिनेको हस्ताक्षर र मिति सहितको अभिलेख राख्नु पर्ने र सरुवा वा पदमुक्त भई जाँदा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामाग्री प्रयोगको व्यक्तिगत अभिलेख खाता राखेतापनी निर्देशिकाले तोकेबमोजिमको ढाँचामा सामान बुझेको र फिर्ता गरेको मिति समेत देखिने गरी अभिलेख राखी खाता अध्यावधिक गर्नुपर्ने देखिन्छ ।	
	• **सामाजिक सुरक्षातर्फ**	
५८.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः	
५९.	सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट निकासा **रु..९१६,८२,२००/-** प्राप्त भएकोमा बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरि फिर्ता गरेको मौज्दात रकम **रु १९३४००/-** घटाई **रु.९१४८८८००/-** बरावरको रकम निकासा खर्च देखाई आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ । कार्यालयले प्रथम चौमासिकमा वडा नं १ देखि ६ सम्म बैंक मार्फत, वडा नं ७, ८ र ९ मा नगदै वितरण गरेको अन्य चौमासिकमा सबै वडामा बैंक मार्फत भत्ता वितरण गरेको देखियो । भत्ता वितरण गर्दा कानूनमा व्यवस्था भए बमोजिमको Reverse Feed र Forward Feed को प्रयोग गरेको पाईएन । कार्यालयबाट प्राप्त बैंक पठाएको लाभग्राहीहरुको भरपाई परिक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन :	
६०.	**वर्षान्तमा बैंक मौज्दात :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरण कार्य ऐनमा भएको व्यवस्थानुसार Forward Feed र	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	Reverse feed तयार नगरि वडा ले तयार गरि पठाएको अनुमानित भरपाई अनुसार बैंक निकासा गरेको पाईयो । प्रथम चौमासिकमा वडा नं. ७,८ र ९ मा नगद वितरण गरेको रकम लाभग्राहीले स्वयं ले रकम पाए नपाएको, दोहोरो भए नभएको नगरपालिका आफैंले एकिन गर्नुपर्दछ । कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिगत विवरण नगरपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार बैंकबाट लिने गरेको पाईएन।बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण प्राप्त नगरि केवल कार्यालयबाट पठँईएको भरपाईको आधारमा हिसाब फरफराक गर्ने गरेको देखियो । ब्यालेन्स सर्टीफिकेट, Reverse Feed, स्टेटमेण्ट भिडान गरि हिसाब फरफराक गर्नु पर्दछ । बैंकले के कति रकम लाभग्राहीको खातामा जम्मा गरेको र मौज्दात बाँकी रहे नरहेको एकिन गर्न सकिएन साथै बैंकको एउटै शाखाबाट एक भन्दा बढी वडा कार्यालयको भत्ता वितरण हुने गरेकोले एकै नामथर भएको लाभग्राहीको भत्ता दोहोरो भए नभएको एकिन गर्न सकिएन। सामाजिक सुरक्षा कार्य सञ्चालन कार्यविधि २०७५को अनुसुची ८(१०) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा सो समेत पठाएको देखिएन ।	
६१.	**पेस्की फर्सयौट :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा कर्मचारी वा अन्य व्यक्तिले तोकिएको म्याद भित्र पेस्की फस्यौंट नगरेमा पेस्की रकममा म्याद नाघेको मितिले वार्षिक १०% ब्याज समेत लगाई असुल गर्ने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाले प्रथम चौमासिकमा वडा नं ७ मा नगदै वितरण गर्ने गरि वडा सचिवलाई पेस्की उपलब्ध गराएकोमा वर्षान्तमा पेस्की फर्सयौट गरिएको भएतापनि भत्ता वितरण गरि मौज्दात रहेको रकम संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश नभएकोले सम्बन्धितले रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा नियमावलीमा व्यवस्था भए बमोजिमको ब्याज समेत गणना गरी असुल गर्नुपर्ने रु... वडा नं | वडा सचिव | पेस्की रकम | खर्च | मौज्दात | कैफियत ७ | वीरमान तामाङ | २६६५६०० | २५६९६०० | ९६००० | • रिभर्स फिड र फर्वार्ड फिडको प्रयोग नभएको कारण रकम दोहोरो भए नभएको एकिन हुन सकेन, नगरपालिका आफैंले छानबीन गरि एकिन गर्नुपर्दछ जम्मा | ९६०००	९६०००/-
६२.	**करार व्यवस्थापन :** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र बैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले बैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा गत एन.एम.बी बैंक लि, लेटाङ शाखासंग वडा नं १ र ३, माछाप्च्छ्रे बैंक लि, विराटचौक शाखासंग वडा नं २, प्राईम कमर्सियल बैंक लि, लेटाङ शाखासंग वडा नं ४, ५ र ६, र २०७६ श्रावण २६ र भाद्र ५ गते कन्काई विकास बैंक (हाल प्राईम कमर्सियल बैंक लि), जाँते शाखासंग क्रमश वडा नं ८ र ९ गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो ।	
६३.	**MIS विवरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस विवरणको मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको,, नाम दोहोरो रहेको, समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।	
६४.	कार्यालयबाट प्राप्त बैंक निकासा गरिएको भरपाईको एम आई एस मुल अभिलेख संग भिडान गरि परिक्षण गर्दा तपसिलको लाभग्राहीको विवरण एम आई एसको मूल अभिलेखमा नदेखिएको र निजहरुलाई भत्ता रकम निकासा भएकोमा लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...	७६७२००/-

खाता नं.	लाभग्राही	वडा	समुह	रकम	बैंक	कैफियत
०४३०१४५०१Y	हर्क माया लिम्बु	१	जेष्ठ-अन्य	१२०००	प्राइम	प्रथम चौमासिक
०५८२२९००८०२०४६ ०००००१	आइत माया लिम्बु	१	जेष्ठ-अन्य	८०००	एन.एम.वी.	प्रथम चौमासिक
